# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission**
केन्द्रिय कार्यालय, Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


प.सं.
च. नं.

## प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७० कात्तिक २४ गते

## बन्दको कार्यक्रम अघि नसार

संविधानसभाको चुनाव नजिकँदै गएको घडीमा नेकपा माओवादीलगायत ३३ दलहरूद्वारा आह्वान गरिएको नेपाल बन्दप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

नेपाली नागरिकले मताधिकार प्रयोग गरेर देशको राजनीतिक प्रक्रियामा सहभागी हुन लागेको घडीमा बन्द आह्वान गरिनाले नागरिक तथा राजनीतिक अधिकारलगायतका मौलिक अधिकारहरूको उपभोगमा गम्भीर धक्का पुग्ने देखिन्छ । यसबाट संविधानसभामार्फत मानव अधिकारमैत्री संविधान निर्माण गर्ने सिंगो राजनीतिक प्रक्रियामा नकारात्मक असर पार्ने देखिन्छ ।

साथै बन्दले जनजीवन र जनजीविकामा पीडादायी असरबारे विगतदेखि नै नेपाली नागरिक भुक्तभोगी भइसकेका छन् । बन्दबाट मूल रूपमा बिरामी, श्रमजीवी, जनस्तरका नागरिक र समग्रमा सबैको मानव अधिकारमा ठेस लाग्ने भएकोले संयमित भएर शान्तिपूर्ण र रचनात्मक रूपमा विरोधका कार्यक्रम अघि सार्दै बन्दको संस्कृति अन्त्य गर्ने दिशामा सहयोग गर्न आयोग सरोकारवाला पक्षहरूसँग आग्रह गर्दछ ।

सर्वसाधारण नागरिक निर्भयपूर्वक हिंडडुल गर्न पाउने; शिक्षा, स्वास्थ्य सेवालगायतका अत्यावश्यक सेवाहरू निर्धक्क ढङ्गले उपयोग गर्न पाउने नागरिक मौलिक अधिकारको सम्मान गर्न आयोगले बन्दका आह्वानकर्ताहरूलाई विगतमा पटक-पटक आग्रह गर्दै आएको छ । बन्दजस्तो सर्वसाधारणमाथि अनावश्यक दवाब पार्ने कदम नउठाउन र चित्त नबुझेका कुराहरू वार्ता र संवादबाटै समाधान गर्न आयोग बन्दकर्ता, सरकार र सम्वद्ध सबै पक्षसँग आग्रह गर्दछ ।

(वेदप्रसाद भट्टराई)
कामु सचिव


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org